# गैर आवासीय नेपाली संघ (NRNA UK) को सदस्यतासम्बन्धी अत्यन्तै जरूरी सूचना

गैरआवासीय नेपाली संघ (NRNA UK) को आगामी सेप्टेम्बर ९, २०१७ मा हुने सातौं राष्ट्रिय अधिवेशन (सातौं साधारणसभा) तथा कार्यकारी समितिको निर्वाचनमा भाग लिन यसभन्दा पहिले यस कार्यसमितिले विभिन्न पत्रपत्रिका तथा अन्य सञ्चारमाध्यमहरूमा सूचना प्रकाशित गरिसकिएको छ । सदस्यतासम्बन्धी जनगुनासोलाई समेत मध्यनजर राख्दै केही अस्पष्टताहरू भए सोको निराकरणका लागि यसै अनुसार गर्नु, गराउनु हुन सम्बन्धित सबैमा सादर अनुरोध छ । सदस्यता मूलतः अनलाइनबाटै बन्नुपर्ने हुन्छ जसको लागि www.uk.nrna.org मा गई सदस्यतासम्बन्धी आवश्यकीय सूचना तथा कागजातहरू उपलब्ध गराउनु हुन अनुरोध छ । तर व्यवहारिक कठिनाईलाई समेत ध्यानमा राख्दै कागजी फारम (नयाँ/नवीकरण) समेत लाई मान्यता दिने कार्यसमितिको निर्णय रहेको जानकारी गराउँदछौं । यससम्बन्धी सबै सूचनाहरू संस्थाको वेभसाईटमा उपलब्ध गराइएकोले यसैलाई आधिकारिक रूपमा लिनु हुन समेत आग्रह गरिन्छ ।

## सदस्यतासम्बन्धी नियमावली

१) सदस्यता प्राप्त गर्न इच्छुक र योग्य महानुभावहरूले सदस्यता मूलतः अनलाइनबाटै बन्नुपर्ने हुन्छ जसको लागि www.uk.nrna.org मा गई सदस्यतासम्बन्धी आवश्यकीय सूचना तथा कागजातहरू उपलब्ध गराउनु पर्ने हुन्छ ।

२) व्यवहारिक कठिनाईलाई समेत ध्यानमा राख्दै कागजी फारम (नयाँ/नवीकरण) समेतलाई मान्यता दिने कार्यसमितिको निर्णय रहेको जानकारी गराउँदछौं ।

३) यदि कागजी फारम भर्नु भएमा आवश्यकीय दस्तुर र कागजातसहित (NRNA UK) को कार्यालय 6 Union Street, Aldershot Hampshire GU11 1EG मा १४ अगस्ट २०१७ सम्म आई पुग्नुपर्ने छ । सो उप्रान्त प्राप्त सदस्यता फारमहरू यस पटकको अधिवेशनमा चुन्न र चुनिन मान्य हुने छैन ।

४) सदस्यता शुल्क £२५ (पच्चीस पाउन्ड) प्रति व्यक्ति कायम गरिएको छ (१० डलर एनआरएनए भवन काठमाडौंको सहयोगार्थ) यस पटकको लागि मात्र) । सो शुल्क संस्थाको नाममा रहेको बैक खाता Lloyds Bank Sort Code 30-99-88, Account No 54502768 वा NRNA UK को नाममा पोष्टल अर्डर, चेक वा नगदै जम्मा गर्नु पर्नेछ । चेक वा पोष्टल अर्डर बैकमा जम्मा भएको रूजु भएपश्चात् मात्र सो सदस्यताको नामावली प्रकाशित गरिनेछ ।

५) २ बर्ष भन्दा बढी यूकेमा बसोबास गरेको नेपाली नागरिक वा नेपाली मूलका बिदेशी नागरिक (दक्षिण एसियाली मुलुक बाहेकको) प्रमाणित हुने कागजाज (जस्तैः ID को लागि नेपाली राहदानीको प्रतिलिपी वा NRN UK Membership Card वा MoD ID Card ले जारी गरेको परिचयपत्र मध्ये फोटो देख्ने एक र Proof of Address को लागि Driving Licence, Utility Bills, Bank Statement, GP Letter, Pay Slip (बिगत ३ महिना भित्रको हुनुपर्ने) मध्ये एक र पासपोर्ट साईजको एक प्रति फोटो अनिवार्य हुनु पर्नेछ । NRNA UK को Valid ID Card को प्रतिलिपी पेश गर्ने व्यक्तिहरूले अन्य ID Card र Proof of Address को कागजात पेश गरिरहनु पर्ने छैन । यदि कसैको सदस्यताको योग्यतासम्बन्धी उजुरी परेमा सदस्यता प्रमाणीकरण समितिले छानबिन गरि टुङ्ग्याउनेछ ।

६) निर्वाचनको दिन आधिकारिक परिचय पत्र (माथि उल्लेखित) को सक्कल देखाएर मात्र मतदानमा भाग लिन पाउनेछ ।

७) कुनै ब्यक्तिको सहमति बिना अन्य कुनै ब्यक्तिले सदस्यताको लागि आवेदन दिन पाउने छैन ।

८) सदस्यको सम्पर्क ठेगाना आफू बस्ने स्थान (Residence) को हुनु पर्नेछ । कुनै संस्था वा सार्वजनिक स्थलको ठेगाना मान्य हुने छैन ।

९) निर्वाचनसम्बन्धी सूचना निर्वाचन समितिले छुट्टै प्रकाशित गर्नेछ ।

**तोकिएको अनुसार सदस्यता बन्नु हुन अनुरोध छ । माथि उल्लेखित नियमानुसार प्राप्त नभएको आवेदन खारेज हुने हुँदा आवेदक स्वयं जिम्मेवार हुने समेत प्रस्ट पार्दछौं । धन्यवाद !**

**मुक्षेत्र गुरुङ**
अध्यक्ष- एनआरएनए, यूके २०१५-२०१७